Version 1.0 / 24 December 2020

# तास्मानियाको अस्पताल र वृद्ध हेरचाह केन्द्रहरूमा आगन्तुक प्रतिबन्धहरू

KEEP ON TOP OF COVID

## सार्वजनिक अस्पतालमा बिरामीहरूलाई भेट्न जाँदा

सबै आगन्तुकहरु अस्पतालमा प्रवेश गर्नु अघि एक आगन्तुक परीक्षण  पूरा गर्नु पर्छ।

बिरामी भेट गर्ने समय अस्पताल अनुसार फरक हुन्छ त्यसैले तपाईंले भेट्न जानु अघि तपाईंले बिरामी भेट्न जान लागेको अस्पतालको जाँच गर्नु पर्छ।

बिरामीले आगन्तुकहरूलाई भेट्न सक्ने संख्या सिमित गरिएको छ। प्रायः जसो वार्ड तथा क्षेत्रहरूमा  एक समयमा एक जना आगन्तुक मात्र हुनु पर्नेछ।

अस्पतालमा बिरामीहरूलाई भेट्न जाने बारेमा थप जानकारी पाउनको लागि: www.coronavirus.tas.gov.au/hospital-visits

## वृद्ध हेरचाह केन्द्र (एज्ड केयर) का बासिन्दाहरू भेट्न जाँदा

कम जोखिम भएका क्षेत्रहरूमा बस्नु भएका व्यक्तिहरूले मात्र वृद्ध हेरचाह केन्द्रहरूमा भेट्न जान सक्नुहुन्छ। यदि तपाईं हालसालै उच्च वा मध्यम-जोखिम भएको क्षेत्रमा जानु भएको थियो भने तपाईं भेट्न जान सक्नुहुन्न।

एकपटकमा अधिकतम दुई जना व्यक्तिले एक बासिन्दालाई भेट्न सक्छन् र उनीहरुसँग चाहे जतिको समय रहन सक्छन् (वृद्ध हेरचाह केन्द्रहरूको आफ्नै नीतिअनुसार)।

प्रत्येक दिन एकभन्दा बढी पटक भेट्न अनुमति दिइन्छ र आगन्तुकहरूमा कुनै उमेरको सीमा छैन।

आगन्तुकहरूले अद्यावधिक फ्लू खोप लगाएको हुनैपर्छ र प्रवेश गर्नु अघि जाँच गरिनेछ।

वृद्ध हेरचाह केन्द्रहरूमा भेट्न जाने बारेमा थप जानकारी पाउनको लागि: www.coronavirus.tas.gov.au/agedcare

## निम्न अवस्थामा तपाईं भेट्न नजानुहोस्:

पछिल्लो १४ दिनमा मध्यम जोखिम भएको क्षेत्र वा बिगत २८ दिनमा उच्च जोखिम भएको क्षेत्रमा जानु भएको थियो। जोखिमको स्तरहरूको बारेमा थप जानकारी थाहा पाउन यहाँ हेर्नहोस्: www.coronavirus.tas.gov.au/comingtotas

श्वासप्रश्वास संक्रमणको लक्षणहरू देखिएका छन् वा शरीरको तापक्रम ३७.५ डिग्रीभन्दा बढी छ।

विगत १४ दिनमा COVID-19 लागेको पुष्टि भएको व्यक्तिसँग सम्पर्कमा आउनु भएको छ वा तपाईलाई COVID-19 भएको संभावित आशंका गरिएको छ।